# बुटवल पावर कम्पनी लिमिटेड
## बुद्धनगर, वानेश्वर, काठमाण्डौ
### विषेश साधारण सभाको कार्यवाही तथा निर्णयहरुको पुस्तिका

**(क) पृष्ठभूमि:**

यस बुटवल पावर कम्पनी लिमिटेडको विशेष साधारण सभा मिति २०८२।०७।२१ (तद्नुसार नोभेम्वर ७, २०२५) शुक्रवारका दिनको ११:०० बजे क्वालिटी ब्याङक्वेट, बुद्धनगर, वानेश्वर, काठमाण्डौमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा बस्यो ।

संचालक समितिका अध्यक्ष, सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सबै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले विशेष साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

**(१) सभा सम्बन्धी सूचना र प्रकाशन :**

विशेष साधारण सभाको सूचना र छलफल हुने विशेष प्रस्तावहरुको सूची शेयरधनीहरुको जानकारीका लागि मिति २०८२।७।३ र मिति २०८२।७।९ मा क्रमश: नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गर्नुको साथै सो सूचना सहितका अन्य जानकारी कम्पनी तथा शेयर रजिष्ट्रार समक्ष सम्पर्क राखी प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको थियो । साथै, सो सूचना शेयरधनीहरुको सुविधाका लागि कम्पनीको वेभ साईट www.bpc.com.np मा समेत हेर्न मिल्ने व्यवस्था गरिएको थियो । विशेष साधारण सभाका सम्बन्धमा यथासमयमै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, सिडिएस तथा क्लियरिङ लि., तथा नेपाल स्टक एक्सचेन्ज लि.मा समेत जानकारी गराइएको थियो ।

**(२) उपस्थिति :**

**अ) संचालक समिति:**

| | |
|---|---|
| १. श्री पद्म ज्योति | अध्यक्ष |
| २. श्री ओम प्रकाश श्रेष्ठ | संचालक |
| ३. श्री विजय बहादुर श्रेष्ठ | संचालक |
| ४. श्री राजु महर्जन | संचालक |
| ५. श्री विना राणा | संचालक |
| ६. श्री तिर्थमान शाक्य | स्वतन्त्र संचालक |
| ७. श्री संजिव राजभण्डारी | बैकल्पिक सञ्चालक |
| ८. श्री हरि ब. बुढाथोकी | कम्पनी सचिव |

**आ) व्यवस्थापन:**

| | |
|---|---|
| १. श्री उत्तर कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री संजय कृष्ण श्रेष्ठ | सिनियर भाईस प्रेसिडेण्ट - लगानी तथा आयोजना |
| ३. श्री प्रतिकमान सिंह प्रधान | भाईस प्रेसिडेण्ट - आयोजना तथा व्यावसाय विकास |
| ४. श्री राधेश्याम श्रेष्ठ | भाईस प्रेसिडेण्ट - वित्त |
| ५. श्री टीकाराम भट्ट | भाईस प्रेसिडेण्ट - कर्पोरेट |
| ६. श्री प्रकाश कुमार श्रेष्ठ | भाईस प्रेसिडेण्ट - संचालन |

इ) **शेयरधनीहरु:**

विशेष साधारण सभामा शेयर दाखिल खारेज बन्द हुँदाको मितिमा कायम ४९,३९० शेयरधनीहरु मध्ये १२८ जना (संस्थागत शेयरधनी तथा प्रतिनिधि समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

## (ख) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व:

| विवरण | जम्मा संख्या | उपस्थिति संख्या | % उपस्थिति |
|---|---|---|---|
| कम्पनीको शेयर कित्ता | ३,४०,९०,६४६ कित्ता | .२२२७७५९४कित्ता | ६५.३५ |
| कम्पनीको शेयरधनीहरु | ४९,३९० जना | १२८ जना | ०.२६ |

## (ग) सभाको वैधानिकता:

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ अनुसार विशेष साधारण सभा संचालन गर्नको लागि निर्दिष्ट गणपूरक संख्या पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । शेयरधनीहरुले विशेष साधारण सभाको लागि आवश्यक गणपूरक संख्या पुगेको र सभा रितपूर्वक बोलाईएको ठहर गरी विधिवत् रुपमा साधारण सभाको कार्यवाही अगाडि बढाउने निर्णय गऱ्यो ।

## (घ) प्रस्तावहरु:

आफ्नो मन्तव्य सहित विशेष साधारण सभामा सञ्चालक समितिको तर्फवाट प्रस्तावहरु प्रस्तुतिका लागि कम्पनी सचिवले सञ्चालक समिति एवं सभाका अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो । अध्यक्षज्यूले संक्षिप्त मन्तव्य राख्दै विशेष साधारण सभाको औचित्य, उद्देश्य र विषयवस्तुहरुका सम्बन्धमा जानकारी गराउँदै निम्न वमोजिमका विशेष प्रस्तावहरु सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१. हिमाल पावर लिमिटेडमा रहेको Statkraft Holding Singapore Pte. Ltd., Singapore र Eviny AS, Norway को संपूर्ण शेयरहरु खरिद गर्ने र सो कारोवार सम्पन्न गर्न आवश्यक निर्णय गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने । यस विशेष प्रस्तावका सम्बन्धमा सभाध्यक्षज्यूले निम्न व्यहोरा सभा समक्ष जानकारी गराउनु भयो ।

*हाल हिमाल पावर लिमिटेडको चुक्ता पूँजी रु. १,७६,४१,४३,९००. (एक अरव छयत्तर करोड एकचालिस लाख त्रिचालिस हजार नौ सय रुपैयाँ) रहेको छ, जसलाई प्रति कित्ता रु. १०० का दरले १,७६,४१,४३९ (एक करोड छयत्तर लाख एकचालिस हजार चार सय उनान्चालिस) कित्तामा विभाजन गरिएको छ । सो शेयरहरु मध्ये को Statkraft Holding Singapore Pte. Ltd., Singapore नाममा रहेको १,००,६८,१७६ (एक करोड अठ्साठी हजार एक सय छयत्तर) कित्ता र Eviny AS, Norway को नाममा रहेको ४५,९४,६११ (पैतालिस लाख चौरानब्वे हजार छ सय एघार) कित्ता शेयर यस कम्पनीले खरिद गर्नेछ । हाल कम्पनीको हिमाल पावर लिमिटेडमा २९,७८,५०२ (उनान्तीस लाख अठहत्तर हजार पाँच सय दुई) कित्ता शेयर रहेको छ भने उल्लेखित शेयर खरिद पश्चात् यस कम्पनीको हिमाल पावर लिमिटेडमा १,७६,४१,२८९ (एक करोड छयत्तर लाख एकचालिस हजार दुई सय उनान्नब्बे) कित्ता शेयर कायम हुनेछ ।*

२. कावेली इनर्जी लिमिटेडमा रहेको कम्पनीको संर्पूण शेयरहरु अरुण कावेली पावर लिमिटेडलाई बिक्री गर्ने र सो कारोवार सम्पन्न गर्न आवश्यक निर्णय गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने । यस विशेष प्रस्तावका सम्बन्धमा सभाध्यक्षज्यूले निम्न व्यहोरा सभा समक्ष जानकारी गराउनु भयो ।

*कावेली इनर्जी लि.मा चुक्ता पूँजी रु. ७०,००,००,००० (सत्तरी करोड रुपैयाँ) रहेको छ । जसमा यस कम्पनीको १९,१४,६३५ (उन्नाईस लाख चौध हजार छ सय पैतिस) कित्ता शेयर रहेको छ । त्यसैगरी, सहायक कम्पनी गुराँश इनर्जि लि.को ५०,८१,१४७ (पचास लाख एकासी हजार एक सय सत्चालिस) कित्ता शेयर रहेको छ । सो शेयरहरु अरुण कावेली पावर लि.लाई बिक्री गर्न लागिएको हो । हालसम्म कम्पनीले रु. ४८ करोड रकम कावेली इनर्जि लि.लाई शेयरवापत अग्रिम भुक्तानी समेत दिएको छ । सो अग्रिम भुक्तानी वापत शेयर प्राप्त गरी वा सो रकम फिर्ता लिने गरी यस कम्पनीले कावेली इनर्जी लि.मा रहेका आफ्ना संपूर्ण शेयरहरु अरुण कावेली पावर लि.लाई बिक्री गर्नेछ ।*

## (ङ) प्रस्तावहरु उपरको छलफल:

विशेष साधारण सभामा पेश भएका प्रस्तावहरु उपर छलफलमा भाग लिनेक्रममा शेयरधनीहरु श्री ब्रम्हदेव शाक्य, श्री सुदीप श्रेष्ठ, श्री भेषराज भण्डारी, श्री जगन्नाथ आचार्य र श्री लक्ष्मण बहादुर श्रेष्ठले लिखितरुपमा आफ्ना मन्तव्य राख्दै पेश भएका प्रस्तावहरु पारित गरी सिघ्र कार्यन्वयनमा लैजानका लागि सुझाव दिनु भयो । त्यसैगरी, शेयरधनीहरु श्री इन्द्र प्रसाद लामिछाने, श्री चन्द्रनारायण श्रेष्ठ, श्री बैजुनाथ रौनियार, श्री डमरु वल्लभ घिमिरे, श्री कृष्ण प्रसाद अधिकारी र श्री कृष्ण गिरीले नियमित बार्षिक साधारण सभा गर्न पर्ने समयमा विशेष साधारण सभा बोलाएर बार्षिक साधारण सभालाई पौष मसान्तमा गर्न भएन, सो समयमा अन्य धेरै कम्पनीहरुको बार्षिक साधारण सभा हुने हुँदा शेयरधनीहरुलाई सभामा भाग लिन व्यावहारिक कठिनाई भोग्नु पर्ने भएको, विशेष साधारण सभा गर्ने हतारो गर्ने तर त्यसको कार्यान्वयनमा सञ्चालक समिति तथा व्यवस्थापनवाट ढिलाई नहोस्, र मर्स्याङदी क्यासकेड आयोजनाहरुका लागि आवश्यक पूँजीको व्यवस्थापनमा के कस्तो गृह कार्य हुँदैछ भन्ने टिप्पणी तथा जिज्ञासा राख्दै कम्पनीको प्रगतिको कामना गर्नु भयो । त्यसैगरी शेयरधनी नेपाल विद्युत प्राधिकरणका तर्फवाट उपकार्यकारी निर्देशक श्री सुवास मिश्रले हिमाल पावर लि. र नेपाल विद्युत प्राधिकरण बीचको साविकको विद्युत खरिद बिक्री सम्झौता अनुसार खिम्ती प्रथम जलविद्युत आयोजनामा हिमाल पावर लि. र नेपाल विद्युत प्राधिकरण बीच सहमति भएर हिमाल पावर लि.को प्रस्तावित शेयर करोवार गर्न उपयुक्त हुने सुझाव दिनु भयो ।

शेयरधनीहरुको राय, प्रतिकृया तथा सुझावहरु राख्ने कार्य सम्पन्न भए पछि शेयरधनीले उठाएका जिज्ञासाहरु उपर संचालक समितिको तर्फवाट भनाई राखिदिन कम्पनी सचिवले अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनीहरुवाट विशेष साधारण सभामा भाग लिनुभई आफ्ना भनाईहरु राखेकोमा धन्यवाद व्यक्त गर्नु भयो । विशेष साधारण सभानै किन भन्ने सम्बन्धमा नियमित बार्षिक साधारण सभाका लागि एकिकृत वित्तिय विवरणहरु (Consolidated Financial Statements) तयारीमा थप केही समय लाग्ने देखिएका कारण विशेष साधारण सभा बोलाइएको हो, यसको पनि बार्षिक साधारण सभा जत्तिकै महत्व छ, यसले शेयरधनीहरुको मत बुझ्नका लागि मद्दत समेत गर्दछ र आजको सभामा आफ्ना विचार राख्ने शेयरधनीहरुले विशेष प्रस्तावहरुको पक्षमा सकरात्मक मत प्रकट गर्नु भएको हुँदा यसको महत्वलाई कम आंकलन गर्न नहुने स्पष्ट पार्नु भयो । त्यसैगरी, अध्यक्षज्यूले

लगानी तथा व्यवसायको सिलसिलमा गरिने निर्णयहरुलाई उचित समयमानै गर्न पर्दछ, अवसरलाई पन्छाउन वा ढिला गर्न हुँदैन, समय सापेक्ष भई कम्पनीका व्यवसायहरुलाई पूर्नसंरचना, पूनर्विचार गर्न पर्ने हुन्छ, उपलब्ध स्रोतसाधनको समुचित परिचालन र प्रयोगवाट अधिकतम् लाभ लिने तर्फ ध्यान दिनुपर्ने हुन्छ, कम्पनीको दिर्घकालिन हितका लागि निर्णय लिन पर्ने हुन्छ र कम्पनीले आफ्ना आयोजनाहरुका लागि आवश्यक पूँजीको व्यवस्थापनमा उचित ध्यान दिएको छ भन्दै शेयरधनीहरुलाई सञ्चालक समितिको निर्णय तथा प्रस्तावमा एकाकार भई समर्थन जनाएकोमा धन्यवाद व्यक्त गर्नु भयो । जहाँसम्म हिमाल पावर लि.को स्वामित्व तथा सञ्चालनमा रहेको खिम्ती प्रथम जलविद्युत आयोजनाको सम्बन्धमा साविकको विद्युत खरिद बिक्री सम्झौता वमोजिमको निकास निकालेर हिमाल पावर लि.को शेयर खरिद गर्ने कि भन्ने सुझावका विषयमा सभाध्यक्षले विगत पाँच वर्ष सम्म हिमाल पावर लि. र नेपाल विद्युत प्राधिकरण बीच सकारात्मकरुपमा वार्ता छलफल भएको भएपनि हाल सम्म मुर्तरुप लिन सकेको छैन, प्रस्तावित शेयर खरिदको कार्यवाट सो वार्ता छलफललाई अवरोध पुग्ने वा अन्यथा हुने हुँदैन, प्रस्तावित शेयर खरिद हिमाल पावर लि.का शेयरधनीहरु बीचको आन्तरिक कारोवारको विषय भएको हुँदा नेपाल विद्युत प्राधिकरण र हिमाल पावर लि.वीच हुने वार्ता तथा सम्झौताका विषयलाई अलग विषयकोरुपमा हेर्नु पर्ने स्पष्ट पार्नु भयो ।

## (च) निर्णयहरु:

शेयरधनीहरुवाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्वन्धमा अध्यक्षज्यूवाट स्पष्ट पार्ने कार्य सम्पन्न भए पश्चात् सभाध्यक्षको अनुमतिले सञ्चालक समितिले पेश गरेको विशेष प्रस्तावहरु कम्पनी सचिवले निर्णयार्थ सभा समक्ष पेश गर्नु भयो । सञ्चालक समितिले प्रस्ताव गरेवमोजिम माथी खण्ड (घ) मा उल्लेखित व्यहोरा अनुसार हुनेगरी पेश भएका विशेष प्रस्तावहरु सभावाट निम्न वमोजिम पारित भयो ।

१. हिमाल पावर लिमिटेडमा रहेको Statkraft Holding Singapore Pte. Ltd., Singapore र Eviny AS, Norway का संपूर्ण शेयरहरु खरिद गर्ने र सो कारोवार सम्पन्न गर्न आवश्यक निर्णय गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो, र

२. कावेली इनर्जी लिमिटेडमा रहेको कम्पनीको संपूण शेयरहरु अरुण कावेली पावर लिमिटेडलाई बिक्री गर्ने र सो कारोवार सम्पन्न गर्न आवश्यक निर्णय गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

## (छ) सभा विसर्जन:

विषेश साधारण सभामा प्रस्तुत प्रस्तावहरु उपर छलफल तथा निर्णय सम्पन्न भएको हुँदा सभाध्यक्षज्यूले विशेष साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउने सबै शेयरधनीहरु, संचालक समितिका सहकर्मी सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु तथा संचारकर्मीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दै विशेष साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो । साधारण सभा दिनको १२.३० वजे विसर्जन भएको थियो ।

(हरि ब.बुढाथोकी)
कम्पनी सचिव

(पद्‌म ज्योति)
अध्यक्ष